# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, फागुन २८ गते, २०७४ साल (संख्या ५८

## भाग ५

नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले वन ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरीगुल्मी जिल्लास्थित देहायको क्षेत्रफल र चार किल्ला भएको रेसुङ्गा वन र थाप्ले सत्यवती सालिमे दह वनलाई संरक्षित वन घोषणा गरेकोले सोही दफाको उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ:-

१. संरक्षित वनको नामः रेसुङ्गा संरक्षित वन

क्षेत्रफल:१९२८१.३७ हेक्टर

<u>चारकिल्ला:</u>

<u>पूर्व:</u> गुल्मीदरबार गाउँपालिका वडा नं. २ जुभुङ्गको झिरवास र उर्लाकोट, गुल्मीदरबार गाउँपालिका वडा नं. ९ को बलिथुमको नेटा र रातामाटा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चिम: रेसुङ्गा नगरपालिका वडा नं. ८ को खानीगाउँ र छापटोला, इश्मा गाउँपालिका वडा नं.१ हस्तिचौरको कुमालगाउँ शिखाधारा, रेसुङ्गा नगरपालिका वडा नं. १० सिमीचौर चेतेनेटा, रेसुङ्गा नगरपालिका वडा नं. ५ को लामडाँडा र वडा नं. ६ को चेक्मी ।

उत्तर: इश्मा गाउँपालिका वडा नं. १ को जुकेपानी गाउँ हुँदै मल्दिगाउँ, मुसिकोट नगरपालिका वडा नं. ३ को तोलादी र पेंगा ।

दक्षिण: रेसुङ्गा नगरपालिका वडा नं. १० को रैया र फलामेडाँडा, रेसुङ्गा नगरपालिका वडानं. ११ को केदुवाफेदी, गुल्मीदरबार गाउँपालिका वडा नं. ७ को फेदी ।

२. **संरक्षितवनको नाम: थाप्ले सत्यवती सालिमेदह संरक्षित वन**

क्षेत्रफल:३७८४३.०६हेक्टर

चारकिल्ला:

पूर्व: पर्वत र स्याङ्गजा जिल्लाबीच रुद्रवेणी तर्फ बगेको कालीगण्डकी नदी, कालीगण्डकी गाउँपालिका वडा नं. २ अर्वेनीको थपेनी सिर्सेनी सामुदायिक वन हुँदै कालीगण्डकी गाउँपालिका वडा नं. ३ को जयखानी मुल्का सामुदायिक वन हुँदै कालीगण्डकी गाउँपालिका वडा नं. ४ को पूर्तिघाट बजार हुँदै कालीगण्डकी गाउँपालिका वडा नं. ६ को खड्गकोट उर्लेनी ।

पश्चिम: मुसिकोट नगरपालिका वडा नं. ७ वामीटक्सारको सुतीफाँट छेउ हुँदै बहने बडीगाड खोला, मुसिकोट नगरपालिका वडा नं. ६ कुर्घाको बेलटारी फाँट र भुवाचिदी, मुसिकोट नगरपालिका वडा नं. ५ को आँपचौर, चन्द्रकोट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गाउँपालिका वडा नं. ८ को तुराङ्ग हुँदै चन्द्रकोट गाउँपालिका वडा नं. ७ रुपाकोट।

उत्तर: बाग्लुङ्ग जिल्लाको सिमाना छोएको बाग्लुङ्ग तर्फको किस्ती, सल्यान, सुखौरा, काँडेवास र गुल्मी जिल्लाभित्र पर्ने कालीगण्डकी गाउँपालिका वडा नं. ६ को लुनखानी हुँदै कालीगण्डकी गाउँपालिका वडा नं. ७ को कालीलेक राष्ट्रिय वन हुँदै बगेको पालुङखोला, चन्द्रकोट गाउँपालिका वडा नं. ४ शान्तिपुरको चन्द्रकोट मन्दिर हुँदै आरुपोखरा, घेतुङ्ग र ठुलो मरखरिया सामुदायिक वन र चन्द्रकोट गाउँपालिका वडा नं. २ को सिन्धुरघासे हुँदै धुल्लु बासकोट, चन्द्रकोट गाँउपालिका वडा नं. ३ को बार्जिङ्ग सल्यार सामुदायिक वन ।

दक्षिण: चन्द्रकोट गाउँपालिका वडा नं. ८ को मजुवा, चन्द्रकोट गाउँपालिका वडा नं. ७ को सेराफाँट, सत्यवती गाउँपालिका वडा नं. ५ को हँसरा खैरेनी हुँदै सत्यवती गाउँपालिका वडा नं. ६ को जोहांङ्ग उल्लीखोला हुँदै सत्यवती गाउँपालिका वडा नं. १ को रुद्रवेणी ।

आज्ञाले,

डा.युवक ध्वज जी.सी.

नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।